.... सहकारी संस्था लि.
...............................पालिका .....,...................

सदस्यता कार्यबिधि - २०७७

१. **प्रस्तावना :** यस संस्थाको सेयर खरिद बिक्री, सेयर हस्तान्तरण, नामसारी, फिर्ता लगायत सेयर संग सम्बन्धीत सम्पुर्ण क्रियाकलापलाई व्यवस्थित गर्दै कार्यक्षेत्र भित्र वसोबास गर्ने सबै वर्गका व्यक्तिहरुलाई समेटी सहकारी वाट दिइने सेवा सवैमाझ पुर्‍याउने हेतुले यो कार्यबिधि तयार गरीएको छ ।

२. **संक्षिप्त नाम र प्रारम्भ :-** यो कार्यबिधि को नाम 'सदस्यता कार्यबिधि -२०७७ रहनेछ । यो कार्यबिधि साधारण सभाबाट पारित गरीएको मितिदेखि लागु हुनेछ ।

३. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस 'सदस्यता कार्यबिधि -२०७७' मा

क. "ऐन" भन्नाले सहकारी ऐन, २०७४ सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी ऐन लाई समेत जनाउनेछ ।

ख. "नियमावली" भन्नाले सहकारी नियमावली, २०७५ सम्झनु पर्दछ, यो शब्दले प्रदेश सहकारी र स्थानीय तहको सहकारी नियमावली लाइ समेत जनाउनेछ ।

ग. "रजिष्ट्रार" भन्नाले सहकारी विभागका रजिष्ट्रार वा निजबाट अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ, सो शब्दले नियमनकारी निकायको सहकारी हेर्ने प्रमुखलाई समेत जनाउनेछ ।

घ. "विनियम" भन्नाले ....सहकारी संस्था लिमिटेडको विनियम ..... लाई जनाउनेछ ।

ङ. "सहकारी संस्था" भन्नाले सहकारी .... सहकारी संस्था लि. लाई जनाउँनेछ ।

च. "संचालक" भन्नाले विनियमको दफा ....बमोजिम गठन भएको सहकारी संस्था लि.को संचालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई जनाउँछ ।

छ. "लेखा समिति" भन्नाले .... सहकारी संस्था लि.को बिनियम बमोजिम गठन भएको लेखासमिति जनाउने छ ।

ज. उपसमिति भन्नाले ....सहकारी संस्था लि.को बिनियम बमोजिम संचलक समिति वाट निश्चत कार्य संचलन गर्न गठन भएको उपसमिति जनाउने छ ।

ज "सदस्य" भन्नाले..................सहकारी संस्था लि.को बिनियम बमोजिम रकम जम्मा गरी भएको ब्यक्ति, संघ,संस्थालाई शेयर सदस्यलाई जनाउँछ ।

झ. "कार्यविधि"भन्नाले .... सहकारी संस्था लि.ले जारी गरेको कार्यविधिलाई जनाउनेछ ।

ञ. "बचत"भन्नाले सदस्यहरुले .... बचत तथा ऋण सहकारी संस्था लि.मा जम्म्मा गरेको बचत रकम जनाउनेछ ।

ट. "आवधिक बचत" भन्नाले निश्चित अवधी किटान भएको बचत रकम जनाउनेछ ।

ठ. " शेयर " भन्नाले सहकारी ऐन बमोजिम संस्थाले जारी गरेको पूँजीको अंशलाई जनाउनेछ ।

४. **सदस्यताका किसिम :-**

क)व्याक्तिगत सदस्य :-

दफा ५ बमोजीम योग्यता पुगेको व्याक्ती संस्थाको व्याक्तिगत सदस्य बन्न सक्नेछ ।

(१) संस्थाको नियामानुसार न्युनतम १ तोकीए बमोजमि शेयर खरिद गरेको एवं आफुले पुरा गर्नु पर्ने न्यूनतम अन्य नियम पुरा गरेको व्यक्ति ।

(२) संस्थाको वार्षिक साधारण सभाको निर्णय प्रकृयामा सहभागी हुने अधिकार पाएको व्यक्ति ।

(३) संस्थाको संचालक समिति तथा उपसमितिमा निर्वाचित हुने वा निर्वाचनमा मत दिने अधिकार पाएको व्यक्ति ।

(४) संस्थामा वचत गर्ने तथा ऋण प्राप्त गर्ने र संस्था द्धारा संचालित वस्तु तथा सेवा, सुविधा प्राप्त गरेको व्यक्ति ।

ख) संस्थागत सदस्य :-

नेपाल सरकार र प्रदेश सरकारका निकायहरू, स्थानिय तहहरू, कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानिय क्लब, स्थानिय तहमा गठन गएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था तथा उपभोक्ता समूहहरू संस्थाको संस्थागत सदस्य हुन सक्नेछन् ।

(१) संस्थाको नियामानुसार न्युनतम .... कित्ता शेयर खरिद गरेको हुनुपर्ने ।

(२) संस्थाको वार्षिक साधारण सभामा प्रतीनिधी मार्फत सहभागी हुने अधिकार पाउने ।

(४) संस्थामा वचत गर्ने र संस्था द्धारा संचालित वस्तु तथा सेवा, सुविधा प्राप्त गर्ने ।

(५) संस्थाको संचालक समिति तथा लेखा समितिमा निर्वाचीत हुने र मताधिकार गर्ने अधिकार नभएको ।

(६) ऋण लिने सुबिधा प्राप्त नभएको ।

५. सदस्यताको लागि योग्यता :-

क) व्याक्तिगत सदस्यताको लागी १६ वर्ष उमेर पुगेको नेपाली नागरिक हुनुपर्नेछ ।

ख) संस्थाको कार्यक्षेत्र भित्र बसोबास गर्नुका साथै सेवा तथा सुविधा उपयोग गर्ने र संस्थालाई सहयोग प्रदान गर्ने व्यक्ति हुनुपर्दछ ।

ग) संस्थाको विनियम तथा कार्यबिधि पालना गर्न मञ्जुर गर्ने व्यक्ति हुनुपर्नेछ ।

घ) नेपालको प्रचलित ऐनकानुनले अयोग्य नठहरिएको व्यक्ति हुनुपर्नेछ ।

ङ) संस्थाले तोकेको न्यूनतम शेयर खरिद गरेको हुनुपर्नेछ ।

च) संस्थागत सदस्यताको लागी सम्बन्धीत निकायमा दर्ता भएको हुनुपर्ने छ ।

६. शेयर सदस्यताको लागि दरखास्त :-

१. शेयर सदस्य बन्न चाहने व्यक्ति तथा संस्थाले सदस्यताको लागि संस्थाले तयार गरेको अनुसूची-१ बमोजिमको सदस्यता दरखास्त फाराम भरी तोकिएका आवश्यक कागजात संलग्न गरी कार्यालयमा पेश गर्नुपर्ने छ ।

२. त्यस्तो दरखास्त उपर कर्मचारीले सदस्यताको लागि योग्यता पुगेको छ वा छैन हेरी कार्यालय प्रमुखबाट स्विकृत गराई सदस्यता प्रदान गर्नु पर्नेछ ।

७. आवश्यक कागजातहरु :-

सदस्यता आवेदन फारामका साथमा देहायमा उल्लेख गरिएका कागजातहरु समेत अनिवार्य पेश गर्नुपर्नेछ ।

क) नागरिकताको प्रतिलिपी - १ प्रति

ख) पासपोर्ट साईजको फोटो - .... प्रति

ग) हकवालाको जन्मदर्ता वा नागरीकताको प्रतिलिपि सहित पासपोर्ट साईजको फोटो - .... प्रति

घ) कार्यक्षेत्र भित्र बसोवासको प्रमाण

ङ) कार्यक्षेत्र भित्रको स्थानीय तहको एकै प्रकृतीको अन्य सहकारीको सदस्य नरहेको स्व:घोषणा

च) संस्थागत सदस्यताको हकमा तपशिलका बिबरण आवश्यक पर्नेछ ।

संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि

संचालक/व्यवस्थापन समितिको निर्णय

स्थायी लेखा नं. को प्रतिलिपि

कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि

८. सदस्यता शुल्क :-

संस्थामा सदस्यताको लागि देहाय बमोजिमको रकम बुझाउनुपर्नेछ :

१. न्युनतम ...... कित्ता सेयरको रकम रु ....

२. प्रवेश शुल्क रु .... (फिर्ता नहुन

जम्मा रु ....

संचालक समितिको निर्णय अनुसार संस्थाले बिशेष कार्यक्रममा प्रवेश शुल्क छुट गरि सदस्यता प्रदान गर्न सक्नेछ ।

९. सदस्यताको स्वीकृति :

१. सदस्यताका लागि आवेदन दिने आवेदकहरूको विवरण तथा सिफारिसको अध्ययन गरी कार्यालय प्रमुखले सदस्यताको स्वीकृति प्रदान गर्नुपर्ने छ ।

२. दरखास्त दिने सबै व्यक्ति वा संस्थाको सदस्यता स्विकृत गर्न कार्यालय प्रमुख बाध्य हुने छैन ।

३. सदस्यता स्वीकृत गर्दा निवेदकको आचरण, इमानदारिता र संस्थाप्रतिको दृष्टिकोण आदिको मूल्याङ्कनका आधारमा गरिने छ ।

४. स्वीकृत सदस्यताको अनुमोदन सञ्चालक समितिले गर्ने छ ।

१०. सदस्यताको अनुमोदन :

१. सदस्यताका लागि आवेदन दिने आवेदकहरूको विवरण तथा सिफारिसको अध्ययन गरी सदस्यताका लागी प्राप्त निवेदनहरुलाई कार्यलय प्रमुखले आफनो राय सहित संचालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

२. सदस्यता संचालक समितिको वैठकबाट अनुमोदन गराउनुपर्नेछ ।

३. सदस्यता अनुमोदन गर्ने वा नगर्ने अन्तीम अधिकार संचालक समितिमा रहनेछ ।

४. संचालक समितिले अनुमोदन नगरेको सदस्यता स्वतः रद्ध हुनेछ ।

५. संचालक समितिले सदस्यता अनुमोदन नगरेका आबेदकलाई सो को कारण खोली जानकारी गराउनु पर्ने छ ।

६. सदस्यता अनुमोदन नभएका आवेदकको सेयर र बचतको रकम भुक्तानी दिनुपर्नेमा राखिनेछ ।

७. संचालक समितिबाट अनुमोदन भएका सदस्यहरुको बिबरण सहितको अभिलेख कार्यकारी प्रमुखबाट प्रमाणीत गरी राख्नुपर्ने छ ।

८. अनुमोदन भएका सदस्यहरुलाई अनुसुची .... बमोजिमको शेयर प्रमाणपत्र प्रदान गरिने छ ।

९. अनुमोदन भएका सदस्यहरुको बिबरण कम्प्युटर सफटवेयरमा समेत अध्यावधिक गर्नुपर्ने छ ।

११. शेयर खरिद गर्नुपर्ने :-

१. सदस्यताको लागि संस्थाबाट जारी गरिएको न्यूनतम रु. १००।- बराबरको .... कित्ता शेयर अनिवार्य खरिद गर्नुपर्नेछ र समय समयमा संस्थाको नियम वमोजिम शेयर थप गर्दै जानुपर्ने छ ।

२. संस्थामा कार्यरत कर्मचारीहरु अनिवार्य रुपमा संस्थाको सेयर सदस्य बन्नुपर्नेछ ।

३. संस्थाका संचालक समिति, लेखा समितिले संस्थाको आवश्यकता अनुसार शेयर थप गर्नुपर्ने छ ।

४. सबै सदस्यलाई न्युनतम रु .... सम्म सेयर पुर्‍याउन प्रोत्सहान गरिनेछ ।

५. संचालक समितिले निर्देशिका जारी गरी बिशेष योजनामार्फत सेयर बृद्धिका लागी स्किम प्रदान गर्न सक्नेछ ।

१२. बचत तथा ऋण सम्बन्धी :-

१. संस्थाको वचत निति अनुसार सदस्यहरुले नियमित तथा मासिक रुपमा न्युनतम वचत रु .... अनिवार्य बचत जम्मा गर्नुपर्नेछ ।

२. सदस्यले संस्था द्धारा संचालित अन्य प्रकारका वचतमा इच्छा अनुसार सहभागी हुने पाउनेछन् ।

३. सदस्यले संस्था द्धारा संचालित बिभिन्न प्रकारका ऋण सुबिधा पाउन सक्नेछन ।

४. बचत तथा ऋण सम्बन्धी सम्पुर्ण व्यवस्था सम्बन्धीत कार्यबिधि अनुसार हुनेछ ।

१३. सदस्यहरुको दर्ता किताव र प्रतिवेदन :-

क) सदस्यता को निवेदन स्वीकृत भए पछि नयां सदस्यको नाम सदस्यता दर्ता कितावमा दर्ता गरिनेछ ।

ख) व्यवस्थापकले नियमित संचालक समितिको वैठकमा पेश गर्न एउटा लिखित प्रतिवेदन तयार गरी नयाँ सदस्यता दर्ता भएको बारे निम्न व्यहोरा पेश गर्नुपर्नेछ :

(१) प्रतिवेदन अवधिभरमा स्विकृत भै थपिएका सदस्य संख्या ।

(२) नाम, ठेगाना, सदस्यता नम्बर र लिएको शेयर कित्ता सहितको बिबरण ।

१४. सदस्यको काम, कर्तव्य र अधिकार :-

१. साधारण सभा तथा संस्थाद्धारा आयोजित अन्य कार्यक्रमहरुमा सकृयताका साथ भाग लिने ,
२. जतिसुकै शेयर खरिद गरे तापनि एक व्यक्ति एक मतको आधारमा मात्र आफ्नो मताधिकारको प्रयोग गर्न पाउने,
३. साधारण सभा वा समितिबाट निर्वाचित वा मनोनित भई समिति तथा उपसमितिको कार्यमा भाग लिने
४. संस्थामा नियमित बचत गर्ने तथा सोमा ब्याज प्राप्त गर्ने ,
५. संस्थाको ऋण कार्यबिधि मा तोकिए बमोजिमको ऋण प्राप्त गर्ने र सोको साँवा तथा ब्याज तोकीएको समयमा संस्थामा भुक्तानी गर्दै जाने ।
६. संस्थाबाट प्रदान गरिने अन्य वित्तिय तथा गैर वित्तिय सेवाहरु संस्थाको विनियम अनुसार प्राप्त गर्ने ।
७. सदस्यहरु एवं संस्थाको हित र विकास कार्यमा सहभागी हुने र संस्थाको पक्षमा वकालत र पैरवी गर्ने,
८. सदस्यता बृद्धि लगायत संस्थाका अन्य लक्ष्य प्राप्तीमा सहयोग पुर्‍याउने ।

१५. सदस्यको आचारसंहिता :

संस्थाका सदस्यहरूले देहायका आचार संहिताको पालना गर्नुपर्ने छ :

१. संस्थामा आत्मविश्वासका साथ कारोबार गर्नुपर्दछ,
२. संस्थाका कार्यबिधिहरुलाई दृढतापूर्वक पालना गर्नुपर्दछ,
३. स्वावलम्बी र आत्मनिर्भर बन्नुपर्दछ,
४. आर्थिक क्रियाकलापमा अन्य सदस्यहरूलाई सहयोग गर्नुपर्दछ,
५. पुँजीको सही सदुपयोग गर्नुपर्दछ,
६. कारोबारमा भाखा नघाउनु हुदैन,
७. संस्थाको हितविपरीत हुने कुनै किसिमको कार्य तथा प्रचारप्रसार गर्नु हुदैन,
८. सहकारी भावनाको विकास गरी मितव्ययी र पारदर्शी बन्नुपर्दछ,
९. संस्थालाई सदैव रचनात्मक तथा सिर्जनात्मक सहयोग गर्नुपर्दछ,
१०. संस्थाले माग गरेका विवरणहरू प्रस्ट रूपमा पेस गर्नुपर्दछ,
११. संस्थाले आयोजना गर्ने सामाजिक क्रियाकलापहरूमा पूर्ण रूपमा सहभागी बन्नुपर्दछ,
१२. संस्थाले आयोजना गरेको कार्यक्रमहरूमा सक्रियतापूर्वक भाग लिनु पर्दछ,
१३. संस्थाको सञ्चालक एवम् कर्मचारीहरूबाट भएका कमि-कमजोरीहरूलाई समाजमा प्रचार प्रसार नगरी संस्थामा जानकारी दिनुपर्दछ,
१४. मादक पदार्थ तथा कुलतलाई हतोत्साहित गर्नुपर्दछ,
१५. नियमित बचत समयमा जम्मा गर्नु पर्दछ ।
१६. संस्थाको व्यवसायीक कार्यमा सहभागीता जनाउनु पर्ने छ ।

१६. सेयर प्रमाणपत्र र परिचय पत्र सम्बन्धी व्यवस्था :-

१. संचालक समितिबाट सदस्यता अनुमोदन भई सकेपछि न्युनतम ....कित्ता सेयर खरिद गर्ने सदस्यलाई बिनियम ..... बमोजीमको सेयर प्रमाणपत्र प्रदान गर्नु पर्ने छ ।
२. संस्थाले सम्पुर्ण सदस्यहरुलाई अनुसुची .... बमोजीमको परिचयपत्र प्रदान गर्नुपर्ने छ ।

१७. सदस्य फाईल व्यवस्थापन सम्बन्धी व्यवस्था :-

१. प्रत्येक सदस्यको व्याक्तीगत फाईल निर्माण गरिने छ ।
२. सदस्यको व्याक्तिगत फाईलमा सदस्यको फोटो, आवेदन फाराम, नागरीकताको प्रतिलिपी, पारीवारीक बिबरण, सदस्य पहिचान बिबरण, बचत खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना कार्ड लगायत अन्य आवश्यक बिबरणहरु संलग्न गनुपर्ने छ ।
३. संस्थागत सदस्य भएमा संस्थाको छाप, संस्था दर्ता प्रमाणपत्रको प्रतीलिपी वा संस्थाको आधिकारीकता प्रमाणीत गर्ने कागजात, संस्था परिचय बिबरण, आवेदन फाराम, संस्थाको संचालक समितिको सेयर खरिद गर्ने निर्णयको प्रतिलिपी, खाता खोलेका फारामहरु, हस्ताक्षर नमुना कार्ड लगायत अन्य आवश्यक बिबरणहरु संलग्न गनुपर्ने छ ।
४. सदस्यले पेश गरेका निवेदनहरु, समय समयमा भरीएका सदस्य पहिचान बिबरण, हस्ताक्षर नमुना कार्डहरु समेत सम्बन्धीत सदस्यको फाइलमा राख्नु पर्ने छ ।
५. सदस्यता पहिचान बिबरण कम्तीमा प्रत्येक तिन बर्षमा अध्यावधिक गरिने ।
६. सदस्यका बिबरणहरु सफटवेयरमा समेत अद्यावधिक गर्नु पर्ने छ ।

१८. लाभांस बितरण :

१. संस्थाका सेयर सदस्यहरुलाई प्रत्येक बर्षको असार मसान्तमा निजको नाममा कायम रहेको चुक्ता सेयर पुँजीमा दैनिक मौज्दातका आधारमा गणना गरी साधारण सभाले तोके बमोजिमको दरमा लाभांस प्रदान गरिने छ ।
२. साधारणसभा सम्पन्न भएको …….. महिना भित्रमा सदस्यको बचत खातामा लाभांस रकम जम्मा गर्नुपर्नेछ ।

१९. सदस्यता हस्तान्तरण :

१. सदस्यता हस्तान्तरण का लागी सदस्य स्वयं संस्थामा उपस्थित भई अनुसुची …. बमोजीमको निबेदन पेश गर्नुपर्नेछ ।
२. सदस्यले आफ्नो सेयर निजले इच्छाएको एकापरिवार भित्रको व्यक्ति (बुबा, आमा, दाजु, भाई, दिदी, बहिनी, श्रीमान, श्रीमती, छोरा, बुहारी, नाती, नातीनी, सासु, ससुरा वा हकवाला) लाई मात्र हस्तान्तरण गर्न सक्ने छ, तर त्यस्तो व्याक्ति संस्थाको सदस्य बन्न योग्य हुनुपर्नेछ ।
३. सदस्यको मृत्यु भएको अवस्थामा निजको हकवालालाई वा हकवालाको निबेदन अनुसार निजले इच्छाएको एकापरिवार भित्रको व्यक्तिलाई सदस्यता हस्तान्तरण गरिने छ ।
४. यसरी प्राप्त निवेदन व्यवस्थापकले आफ्नो राय सहित निर्णयार्थ संचालक समितिको बैठकमा पेश गर्नुपर्नेछ,
५. संचालक समितिको नीर्णय अनुसार सेयर हस्तान्तरण हुनेछ ।
६. हस्तान्तरण बाट सेयर प्राप्त गर्ने व्याक्तिले नयाँ सेयर सदस्य सरह सम्पुर्ण कागजात संस्थामा पेश गर्नुपर्नेछ,
७. सेयर हस्तान्तरण गर्नुपुर्व संस्थाले आवश्यकता महसुस गरेमा अंशियारको मन्जुरी लिन सक्नेछ ।
८. सेयर हस्तान्तरण गर्ने सदस्यको सम्पुर्ण सेयर तथा बचत डेबीट गरी सो रकम नयाँ सदस्यको सेयर र बचत खातामा क्रेडिट गरिनेछ ।
९. हस्तान्तरण बाट आउने सदस्यलाई नयाँ सदस्यता नं प्रदान गरिनेछ ।
१०. माथी जे सुकै भनिएतापनि सदस्यता हस्तान्तरण गर्ने सदस्य ऋणी भएमा वा कसैको जमानतमा बसेको अवस्थामा भएमा त्यस्तो सदस्यता हस्तान्तरण सम्बन्धी निवेदन वा हस्तन्तरण निजको ऋण चुक्ता तथा जमानत फुकुवा नभएसम्म स्वीकृत हुने छैन ।
११. सदस्य बनेको ....समय पुरा नभए सम्म सेयर हस्तान्तरण गरिने छैन ।
१२. स्वःईच्छाले सदस्यता हस्तान्तरण गर्दा खाताबन्दी शुल्क रु .... लिईनेछ ।
१३. सदस्यता हस्तान्तरण गरेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा संस्थामा पुनः रितपूर्वक निवेदन दिई नयाँ सदस्यता प्राप्त गर्न सक्नेछ ।

२०. सदस्यता फिर्ता / राजिनामा :

१. सदस्यता फिर्ताका लागी सदस्य स्वयं संस्थामा उपस्थित भई अनुसुची …. बमोजीमको निबेदन पेश गर्नुपर्नेछ ।

२. सदस्यको मृत्यु भएको अवस्थामा निजको हकवाला स्वयं संस्थामा उपस्थित भई आवश्यक प्रमाणसहित अनुसुची .... बमोजीमको निबेदन पेश गर्नुपर्नेछ ।
३. यसरी प्राप्त निवेदन व्यवस्थापकले आफ्नो राय सहित निर्णयार्थ संचालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।
४. संचालक समितिको नीर्णय अनुसार सेयर फिर्ता हुनेछ ।
५. सेयर फिर्ता गर्नुपुर्व संस्थाले आवश्यकता महसुस गरेमा अंशियारको मन्जुरी लिन सक्नेछ ।
६. सेयर फिर्ता गर्दा सदस्यको सम्पुर्ण सेयर रकमलाई डेबीट गरी सो रकम फिर्ता दिइनेछ । संस्थाको साधारण सभा सम्पन्न भए पश्चात नाफा घाटालाई समायोजन गरी सेयर फिर्ता गरिनेछ ।
७. सदस्यता फिर्ता लिने सदस्य ऋणी भएमा वा कसैको जमानतमा बसेको अवस्थामा भएमा त्यस्तो सदस्यता फिर्तासम्बन्धी निवेदन निजको ऋण वा जमानत फुकुवा नभएसम्म स्वीकृत हुने छैन । यदी सेयर तथा बचतबाट सम्पुर्ण ऋण चुक्ता हुने भएमा ऋण चुक्ता गरी बाँकी फिर्ता गर्न बाधा पर्ने छैन ।
८. स्वःईच्छाले सदस्यता फिर्ता गर्दा खाताबन्दी शुल्क रु .... लिईनेछ ।
९. सदस्यता फिर्ता लिएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा निजको राजीनामा स्वीकृत भएको मितिले .... पछि मात्र संस्थामा पुनः रितपूर्वक निवेदन लिई नयाँ सदस्यता प्रदान गर्न सकिनेछ ।
१०. नेपाल सरकार र प्रदेश सरकारका निकायहरू, स्थानिय तहहरू, कार्यक्षेत्र भित्रका सहकारी विद्यालय, सामुदायिक विद्यालय, गुठी, स्थानिय क्लब, स्थानिय तहमा गठन गएका गैरनाफामूलक संस्था, उत्पादन र सेवामूलक सङ्घ संस्था तथा उपभोक्ता समूहहरू देखी बाहेकका संसथागत सदस्यहरु संग समन्वय गरी तिनीहरुको सदस्यता फिर्ताको प्रकृया अगाडी बढाइने छ ।

२१. सेयर हकदावी :

१. संस्थामा सदस्यको नाममा रहेको सेयर रकम स्वयं सदस्य बाहेक कसैले हकदावी गर्न पाउने छैन । सदस्यको मृत्यु भएको वा बेपत्ता भएको प्रमाणीत भएमा निजले इच्छाएको व्याक्तिले दावी गर्न पाउने छन ।
२. इच्छाएको व्याक्ति तोकीएको नभएमा कानुन बमोजीम नजिकको वास्तबीक हकवाला छनौट गरी रकम भुक्तानी गरिने छ ।

२२. सदस्यता निलम्बन :-

देहायको अवस्थामा संचालक समितिले निर्णय गरी सदस्यताबाट निलम्बन गर्न सक्नेछ :

१. लगातार .... भन्दा बढी समय देखि निश्क्रिय रही नियमित बचत नगरेमा ।
२. निलम्बीत सदस्यले साधारण सभामा सहभागी हुन पाउने छैन र संस्थाबाट प्रदान गरिने कुनैपनि सेवा प्रदान गरिने छैन ।
३. निलम्बीत सदस्यले कारोवार तथा व्यवहार सुधार गरेमा व्यवस्थापकको सिफारिसका आधारमा संचालक समितिले निलम्बन फुकुवा गर्न सक्दछ ।

२३. सदस्यता खारेजी :-

देहायको अवस्थामा संचालक समितिले निर्णय गरी सदस्यताबाट खारेजी गर्न सक्नेछ :

१. सदस्यता निलम्बन गरिएको ....पुरा भएमा ।
२. संस्थाबाट लिएको ऋणको धितो लिलाम बिक्रि गरी असुल गरीएमा,
३. उपनियम १ र २ अनुसार सदस्यता खारेजी गर्नुपुर्व संचालक समितिले एक उपसमिति निर्माण गरी निजहरुको बारेमा आवश्यक छानबिन गरेको र सफाई पेश गर्ने मौका दिएको हुनुपर्ने छ ।
४. खारेजीमा परेका सदस्यको सेयर तथा बचतमा बाकी रहेको रकम भुक्तानी दिनुपर्नेमा राखीनेछ ।
५. सदस्यता खारेज गरिएको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा निजको सदस्यता खारेज भएको मितिले .... पछि मात्र संस्थामा पुनः रितपूर्वक नयाँ सदस्यताको लागी आवेदन दिन सक्नेछ ।
६. खारेजीमा परेकाको पुनः सदस्यता स्विकृती संचालक समितिले गर्नेछ ।

२४. सदस्यताको अन्त्य :-

देहायको अवस्थामा कुनै पनि व्यक्तिको संस्थाको सदस्यता कायम रहने छैन :

क) मृत्यु भएमा,
ख) कानूनी रुपमा पागल वा असन्तुलित मस्तिष्क भएको भनी प्रमाणित भएमा,
ग) फौजदारी अभियोगमा कानूनद्वारा सजाँय पाएमा,
घ) सदस्यले आफ्नो सदस्यताबाट संचालक समिति समक्ष पेश गरेको राजीनामा स्वीकृत भएमा,
ङ) सदस्यले आफ्नो पुर्ण सेयर सहितको सदस्यता कुनै अर्को व्यक्तिको नाममा हस्तान्तरण गर्न दिएको लिखित निवेदन संचालक समितिबाट स्वीकृत भएमा,
च) सदस्य कानुनी रुपमा टाट पल्टेमा,
छ) सदस्यताबाट खारेजी भएमा,
ज) संस्था बिघटन भएमा
झ) विनियमको बमोजिम कर्जा चुक्ता गरि राजिनामा दिएमा ।

२५. पुरस्कृत गरिने :-
संस्थाको कार्यबिधि भित्र रही संस्थालाई योगदान पुऱ्याउने सदस्यहरुलाई प्रत्येक वर्ष सम्मान तथा पुरस्कार कार्यबिधि अनुसार सम्मान तथा पुरस्कार प्रदान गरिनेछ, तर कारोवारका आधारमा समितिका संचालक, लेखा समिति तथा कर्मचारीहरु लाई पुरस्कार प्रदान गरिनेछैन ।

२६. व्याख्या : यस कार्यबिधिको व्याख्या गर्ने अधिकार संचालक समितिमा रहने छ ।

२७. संसोधन, खारेज तथा थप : यस कार्यबिधिको कुनै पनि बुदामा संशोधन गर्ने, खारेज गर्ने तथा थप गर्ने अधिकार संस्थाको साधारण सभामा रहनेछ ।

२८. खारेजी तथा बचाउ : यो कार्यबिधि जारी हुनु भन्दा अगाडी गरिएका सदस्यता सम्बन्धी सम्पुर्ण कार्यहरु यसै कार्यबिधिअनुसार भएको मानीनेछ ।

समाप्त ।

.... सहकारी संस्था लि.

............, ...

सदस्यता कार्यविधि